Laxmi Laghubitta Bittiya Sanstha Ltd.
लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.
लक्ष्मी बैंक लि. को सहायक कम्पनी।

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्ग (राष्ट्रीयस्तर) को इजाजत प्राप्त वित्तीय संस्था)

प.सं. एलएक्सएलबि/कंस/२०७७/०७८/२२८५ मिति :२०७७/०९/०८

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौं

**विषय : वार्षिक साधारण सभा तथा बुक क्लोज सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७७/०९/०७ गते बसेको १२९औं बैठकले कम्पनीको नवौं बार्षिक साधारण सभा मिति २०७७ पौष २९ गते बुधवार दिनको ११ बजे संस्थाको केन्द्रीय कार्यालय महाराजगञ्जमा गर्ने निर्णय गरेको ब्यहोरा अनुरोध छ । सोही सञ्चालक समितिको बैठकले नवौं वार्षिक साधारण सभा, बोनस शेयर तथा लाभांश प्रयोजनको लागि संस्थाको शेयर दाखिल खारेजको काम २०७७/०९/१७ शुक्रवार बन्द गर्ने निर्णय गरेको ब्यहोरा पनि जानकारीको लागि अनुरोध छ । ।

नवौं वार्षिक साधारण सभा सम्बन्धी सूचना मिति २०७७ पौष ०८ गते कारोवार राष्ट्रिय दैनिकमा समेत प्रकाशन गरिएको छ । साथै नेपाल राष्ट्र बैंक बाट सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम निम्न अनुसार लाभांश स्वीकृत भएको ब्यहोरा पनि जानकारीको लागि अनुरोध छ ।

**नगद लाभांश प्रतिशित :** ८.१६ प्रतिशतले हुन आउने रु.२,२७,०३,४२१ ।- (अक्षरेपी दुई करोड सत्ताईस लाख तीन हजार चार सय एक्काईस मात्र)- बोनस शेयर तथा नगद लाभांशको कर समेत

**बोनश शेयर प्रतिशत :** १५.०० प्रतिशतले हुन आउने रु.४,१७,४५,०००।- (४,१७,४५० कित्ता बोनस शेयर)

**हालको चुक्ता पुंजी :** २७ करोड ८३ लाख

***पुनश्च :*** *नगद लाभांश तथा बोनश शेयर वितरण सम्बन्धि सञ्चालक समितिको निर्णयको जानकारी यस अगावै नै गराई सकिएको ब्यहोरा समेत अनुरोध छ ।*

**संलग्न**

१ बार्षिक साधारण सभा सम्बन्धि प्रकाशित सुचना ।

भवदिय,

(सुन्दर प्रसाद श्रेष्ठ)
कम्पनी सचिव

कम्पनी सचिव

केन्द्रीय कार्यालय, कपन मार्ग, महाराजगञ्ज काठमाण्डौ, नेपाल । फोनः ०१४३७३६८२ ,४३७३६०४ ईमेलः info@laxmilaghu.com.np
Central Office, Kapan Marg, Maharajgunj, Kathmandu, Nepal. Tel: 01-4373682, 4373604 email: info@laxmilaghu.com.np

Laxmi Laghubitta Bittiya Sanstha Ltd.
लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.

# नवौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस संस्थाको मिति २०७७/०९/०७ मा सम्पन्न संचालक समितिको १२९ औं बैठकको निर्णय बमोजिम संस्थाको नवौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## सभा हुने मिति, स्थान र समयः

मिति : २०७७ पौष २९ गते बुधवार (तदनुसार १३ जनवरी, २०२१)
समय : बिहान ११ बजे
स्थान : लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.को केन्द्रीय कार्यालय, महाराजगञ्ज काठमाण्डौवाट भिडियो कन्फ्रेन्यको माध्यमबाट सभा सञ्चालन हुनेछ ।

## छलफलका लागि प्रस्तावित विषयहरुः

**क) सामान्य प्रस्ताव**

१) नवौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ आषाढ मसान्तको वासलात तथा आ.व.२०७६/७७ को नाफा नोक्सान हिसाव, सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने ।
३) संस्थाको लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम आ.व. २०७७/७८ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरिक्षक जे.बि. राजभण्डारी एण्ड दिविन्स पुनः नियुक्तीको लागि योग्य रहेको )
४) संस्थाको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पुजीको ८.१६ प्रतिशतको दरले रु.२,२७,०३,४२१/- (अक्षरेपी दुई करोड सत्ताईस लाख तिन हजार चार सय एक्काईस मात्र) बराबर नगद लाभांस (बोनश शेयर तथा नगद लाभांसमा लाग्ने कर प्रयोजनका लागि समेत) वितरण गर्ने ।

**ख) विशेष प्रस्ताव :**

१) संस्थाको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम संस्थाको हालको चुक्ता पुंजीको १५ प्रतिशका दरले रु.४,१७,४५,०००।- (अक्षरेपी चार करोड सत्र लाख पैतालिस हजार) बराबरको बोनश शेयर जारी गर्ने ।
२) उल्लेखित बोनश शेयर जारी गर्नका लागि आवश्यक हद सम्म अधिकृत, जारी तथा चुक्ता पुंजी वृद्धि गर्ने ।
३) बुँदा नं. (१) र (२) सम्बन्धी प्रस्ताव कार्यान्वयनका लागि संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरबदल वा सुझाव आएमा आवश्यक संसोधन/समायोजन गर्न संस्थाको सञ्चालक समिति (वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारी) लाई अख्तियारी दिने ।
४) लक्ष्मी लघुवित्त वित्तीय संस्थाले अन्य ईजाजतप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थालाई प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई दिइएको अख्तियारीलाई निरन्तरता दिने ।

**ग) विविध**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## नवौं साधारण सभा सम्बन्धी सामान्य जानकारी

(१) नवौं वार्षिक साधारण सभा, बोनस शेयर तथा नगद लाभांश प्रयोजनको लागि संस्थाको शेयर दाखिल खारेजको काम **२०७७ साल पौष महिना १७ गते शुक्रबार** बन्द रहनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०७७/०९/१७ भन्दा अघिल्लो दिन सम्म कारोबार भई मिति २०७७/०९/२३ गते कार्यालय समय भित्रमा संस्थाको शेयरधनी किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन तथा बोनस शेयर र नगद लाभांश पाउन योग्य हुनेछन् ।
(२) लेखापरिक्षकको प्रतिवेदन सहित संस्थाको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन समेतका कागजातहरु संस्थाको केन्द्रीय कार्यालय, महाराजगञ्ज काठमाडौंमा र शेयर रजिष्ट्रार श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँ बानेश्वर, काठमाडौंमा कार्यालय समय भित्र निरीक्षण गर्न तथा त्यसको प्रतिलिपी माग गरेमा प्रतिलिपी दिने व्यवस्था मिलाईएको छ । वार्षिक प्रतिवेदनको प्रति संस्थाको वेवसाइट www.laxmilaghu.com.np मा समेत उपलब्ध हुनेछ ।
(३) हाल व्यापक रुपमा फैलिएको कोरोना भाइरस (कोभिड -१९) को महामारीलाई ध्यानमा **राखी शेयरधनी महानुभावहरुले भर्चुअल रुपमा सभामा सहभागि हुन विशेष अनुरोध गरिन्छ ।** भर्चुअल रुपमा सभामा सहभागि हुन तथा सभामा आफ्नो राय, सुझाव तथा जिज्ञासा राख्न चाहने शेयरधनी महानुभावहरुले आफ्नो हितग्राही नम्बर/शेयरधनी नम्बर र परिचय खुल्ने कागजात वा संस्थाको शेयर अभौतिकरण गरेको देखिने अभौतिकरण खाता (DMAT Account) को विवरण (BOID Statement) सहित २०७७ पौष २७ गतेभित्र agm@laxmilaghu.com.np मा इमेल गर्नुपर्नेछ । यसरी इमेल गर्नुहुने शेयरधनी महानुभावहरुलाई कार्यक्रमको Link/ Meeting ID/ Passcode इमेलबाटै उपलब्ध गराइने छ ।
(४) सभामा भाग लिनका लागि प्रतिनिधि (Proxy) नियुक्त गर्न चाहने शेयरधनीहरुले संस्थाको अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गरी सो सम्बन्धी निवेदन सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै अर्थात २०७७/०९/२७ गते बिहान ११ बजे भित्र श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेड नयाँ बानेश्वर, काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ । प्रतिनिधि पत्र (Proxy Form) प्रचलित कम्पनी कानूनले तोकेको ढांचामा हुनु पर्नेछ । यसरी तोकिएको Proxy ले बुदा (३) बमोजिमको प्रक्रिया अपनाई भर्चुअल रुपमा सभामा सहभागी हुन सक्नेछन् ।
(५) कुनै संगठित संस्था वा कम्पनीको प्रतिनिधिले निज संस्थाको शेयरधनी नभएपनि शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नेछ । यसरी प्रतिनिधि पठाउँदा सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै संस्था वा शेयर रजिष्ट्रारलाई लिखित रुपमा जानकारी गराई सक्नुपर्नेछ ।
(६) एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (Proxy) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ । तर प्रतिनिधि (Proxy) दिने शेयरधनीले आफूले अघि दिएको प्रतिनिधि (Proxy) बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि (Proxy) नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधि (Proxy) ले सभामा भाग लिन पाउने छ, यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि (Proxy) स्वतः बदर भएको मानिनेछ ।
(७) साधारण सभा सम्बन्धी विस्तृत विवरण संस्थाको web site: **www.laxmilaghu.com.np** मा उपलब्ध छ ।

**लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेड**

**केन्द्रीय कार्यालय, महाराजगञ्ज, काठमाण्डौ, फोन ४३७३६८२/४३७३६०४ www.llbs.com.np**